आज मिति २०८२/०१/२२ गते सोमबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को एघारौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी..........................................................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........................................................................

३. का. वडा अध्यक्ष : श्री खड्ग बहादुर राई.......................................................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ......................................................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी..................................................................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ...........................................................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ .......................................................................

९. वडा अध्यक्ष : श्री धन कुमार लिम्बु.............................................................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........................................................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई.................................................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती........................................................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................................................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..............................................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा....................................................................

१६. **सदस्य-सचिव** श्री टोपेन्द्र कुमार लिम्बु .........................................................................

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान...............................................................................

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन.........................................................................

१९. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी.........................................................................

**प्रस्तावहरु**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. भूमीहिन दलित, भूमीहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
३. ब्याक हो लोडर बापतको डीजेल तथा काम बापतको रकम भुक्तानी सम्बन्धमा ।
४. सिंहपुर पशुपति माध्यमिक विध्यालयको गत बर्षको शैक्षिक अनुदान बापतको भुक्तानी स्वीकृति सम्बन्धमा ।
५. विविध

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिलः**

| **क्र.सं.** | **च.नं.** | **मिति** | **पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय** | **विषय** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | - | २०८२ बैशाख १५ र १७ गते | श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | मन्त्रिपरिषदको निर्णय | स्थानीय तह सम्बन्धित विषय कार्यान्वयन गर्ने । |
| २. | १६२ | २०८२-०१-१४ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद व्यवस्थापन शाखा) | अनुगमन तथा नियमन कार्यको प्रभाबकारी कार्यान्वयन सम्बन्धमा । | कार्यान्वयन गर्ने । |
| ३. | ४३ | २०८२-०१-१५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुचना तथा प्रविधि शाखा) | निर्यण कार्यान्वयन गर्ने सम्बन्धमा । | निर्णय कार्यान्वयन गर्ने । |
| ४. | २६९ | २०८२-०१-१५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | जानकारी सम्बन्धमा | जानकारी प्राप्त |

**निर्णय नं. - २**

भूमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०८१ को दफा ३ सँग सम्बन्धित अनुसूची १ (क) को ठ बमोजिम भूमिहिन दलित, भुमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन वडास्तरीय सहजीकरण समिति र स्थानीय तहको सहजीकरण समितिबाट हिलिहाङ गाउँपालिका वडा नं. ७ को आहालेटार स्थीतजग्गा स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदन बमोजिम उक्त जग्गा उपयुक्त भएकोले जग्गा उपलब्ध गराउने आवश्यक प्रक्रिया बढाउनको लागि भूमि समस्या समधान आयोग जिल्ला समिति पठाउने ।

**निर्णय नं. - ३**

श्री जय भवानी माध्यमिक विध्यालय हिलिहाङ-७, पाँचथरले यस गाउँपालिकाको जे.सि.भि (ब्याक हो लोडर) मिति २०८१।१२।२९ गते देखी मिति २०८२।०१।१३ गतेसम्म प्रयोग गरी खेल मैदानको कार्य गरेको हुँदा ८४ घण्टा १८ मिनेट मध्ये १५ घण्टाको जे.सि.भि र इन्धन बापतको रकम प्राविधिक प्रतिवेदन समेतको आधारमा गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्ने तथा प्रमुख प्रशासकीय अधिकृतलाई भुक्तानीको लागि सिफारिस गर्ने ।

**निर्णय नं. - ४**

यस गाउँपालिका अन्तर्गत सन्चालित श्री सिंहपुर पशुपति मा.वि हिलिहाङ-२ माध्यमिक तह कक्षा ११-१२ तर्फ शुन्य दरबन्दी वा अनुदानमा सञ्चालित दरबन्दी विध्यालय भएको र विध्यालयबाट कक्षा ११ र १२ सञ्चालनको लागि आर्थिक श्रोत अभाव भएको भनि आएकोमा आवश्यकतालाई मध्यनजर गरी २०८०।०८१ को बार्षिक स्वीकृत नीति तथा कार्यक्रम बजेटमा पालिका सिर्जित शिक्षकको तलब भत्ता शिर्षकबाट पालिका सिर्जित शिक्षकलाई तलब भुक्तानी पश्चात बाँकी रहने रकमबाट विध्यालयले नियुक्ति गरी कार्यरत रहेको शिक्षकलाई भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई गाउँसभाको १६ औं अधिवेशनबाट निर्देशन दिईएकोमा विविध कारणबस सोही आर्थिक बर्षमा भुक्तानी दिन नसकिएकोमा आ.व. २०८०।८१ को भुक्तानी बाँकी शिर्षकबाट यस आ.ब. भुक्तानी दिन विध्यालयबाट निवेदन प्राप्त भएकोमा भुक्तानी निवेदन सदर गरी भुक्तानीका लागि शिक्षा शाखा, आर्थिक प्रशासन शाखा तथा प्रमुख प्रशासकीय अधिकृतलाई सिफारिस गर्ने ।

**निर्णय नं. ५.**

**विविध**

क. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" को दफा (८) बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गरी विपन्न परिवारलाई तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

| क्र.सं. | नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री मन कुमार दमाई | हिलिहाङ-३ | आत्माहत्या गरेको | रु. १५,०००/- | पोष्टमार्टम खर्च |
| २. | श्री योग बहादुर योङहाङ | हिलिहाङ–३ | कुम भाँचिएको | रु. १५,०००/- | उपचार खर्च |
| ३. | श्री भवानी महरा | हिलिहाङ–५ | ढुङ्गाले किचेर घाइते | रु. १५,०००/- | उपचार खर्च |